## सानिमा बैंक लिमिटेडको
## सोह्रौ वार्षिक साधारण सभाको विवरण

यस बैंकका संचालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठको अध्यक्षतामा वि.सं.२०७७ साल कार्तिक २८ गते (१३ नोभेम्बर २०२०) शुक्रवार विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म आम्रपाली व्यांकेट, वालुवाटार, काठमाडौंमा सम्पन्न भएको सोह्रौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

१. उपस्थिति :

क. **सभामा उपस्थित सञ्चालकहरु :**

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - संचालक |
| ३. | श्रीमती गायत्री थापा | - संचालक |
| ४. | श्री भरतकुमार पोखरेल | - संचालक |
| ५. | श्री महेश धिमिरे | - संचालक |
| ६. | श्री वलराम पराजुली | - संचालक |

ख. **अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री भुवनकुमार दहाल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रूद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

ग. **सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री राजनकुमार वस्नेत | कम्पनी रजिष्ट्रारको कार्यालय |

घ. यस सोह्रौं वार्षिक साधारणसभाको मितिसम्म ३८५८४ (फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहनु भएको छ ।

ङ. **शेयरधनीको प्रतिनिधित्व प्रतिशत :**
सभामा स्वयम तथा प्रोक्सी मार्फत ५८.२२ प्रतिशत उपस्थिति रह्यो । यसका साथै भर्चुअल माध्यमबाट समेत शेयरधनीहरुको सहभागिता रह्यो ।

च. **गणपुरक संख्या तथा सभाको वैधानिकता :**
यस बैंकको संचालक समितिको मिति: २०७७ साल कार्तिक ६ गते बसेको ४४७ औं बैठकको निर्णयानुसार बैंकको १६ औं वार्षिक साधारणसभाको सूचना मिति: २०७७ कार्तिक ७ गते "राजधानी" राष्ट्रिय दैनिक र कार्तिक २३ गते "अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो । कम्पनी ऐन, प्रचलित कानून तथा बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था रहको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५८.२२ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराइयो । यसका साथै भर्चुअल माध्यमबाट समेत शेयरधनीहरुको सहभागिता रह्यो ।

२. छलफलका विषयहरु :

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७६/७७ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.वं २०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.वं २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ३.६०% का दरले हुने नगद लाभांश रू.३१,६८,४९,७१५/४२ (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

ख. विशेष प्रस्ताव :

१. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले हुने रू.८८,०१,३८,०९८/४० बराबरको वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।**

२. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजीलाई निम्नानुसार वृद्धि गरी प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने ।

   क. हालको अधिकृत पूँजी रू.९,००,००,००,०००/- (अक्षरुपि नौ अर्व) लाई वृद्धि गरी रू.१२,००,००,००,०००/-(अक्षरुपि वाह्र अर्व) पुऱ्याउने ।

   ख. वोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजी रू.८,८०,१३,८०,९८४/- (अक्षरुपि आठ अर्व असी करोड तेह्र लाख असी हजार नौसय चौरासी) लाई वृद्धि गरी रू.९,६८,१५,१९,०८२/४० (अक्षरुपी नौ अर्व अठसट्ठी करोड पन्ध्र लाख उन्नाईस हजार बयासी र चालीस पैसा) पुऱ्याउने ।

३. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थामा प्राप्ती वा मर्जर गर्न आवश्यक सहमति/सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु प्राप्ती गर्ने गराउने सम्बन्धमा प्रचलित नियम, कानून अनुसार बैंकको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

ग. विविध :

३. **सभाको प्रारम्भ :**

मितिः २०७७/७/६ मा बसेको संचालक समितिको ४४७ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम सोह्रौं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रूद्रप्रसाद वन्जाराले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनयकुमार श्रेष्ठले सभामा स्वयं तथा भर्चुअल माध्यमबाट उपस्थित शेयरधनी एवं

आमन्त्रित महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट आ.व.२०७६/७७ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँट हिसाब, नगद प्रवाह विवरण, सानिमा क्यापिटल सहितको एकीकृत वित्तीय विवरण आदि सहितको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित तथा भर्चुअल माध्यमबाट शेयरधनीज्यूहरु श्री अमृतनाथ रेग्मी, श्री नरसिंहलाल चखु, श्री चन्द्रनारायण श्रेष्ठ, श्री सुमन महर्जन, श्री अशोक उप्रेती, श्री भक्तिप्रसाद उप्रेती, श्री डमरुवल्लभ घिमिरे, श्री शिवप्रसाद पौडेल, श्री रामचन्द्र पोखरेल, श्री दामोदर रेग्मी, श्री गुणराज भट्ट, श्री शत्रुधन श्रेष्ठ र श्री लवराज जोशी, श्री व्यासकुमार शर्माले बैंकको विविध पक्षमा आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

जवाफ :

शेयरधनीज्यूहरुवाट राख्नु भएका जिज्ञाशाहरुको अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्नु भयो । साथै, शेयरधनीज्यूहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई आगामी दिनमा क्रमश: कार्यान्वयन गर्दै लगिने व्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरु:**

क. सामान्य प्रस्ताव

१. **आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिबाट पारीत गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात तथा आ.व.२०७६/७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण सभामा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. **यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.वं २०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।